विषय : नेपाली

कक्षा : नौ (खण्ड : २)

## बोध तथा रचना

**१.तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्:**

ज्ञान पुस्तकमा मात्र सीमित हुँदैन । प्रकृतिमा, जनताका जीवनमा र तिनका सुखदु:खमा ठुलो ज्ञान हुन्छ । तनीहरूसँग भिजेर ज्ञानको उपार्जन गर्न सकिन्छ । समाजका केटाकेटी, बुढाबुढीसँग सम्पर्क राख्नाले र लेकबेसी, गाउँघर, खेतखलो, मेला उत्सवमा घुम्नेफिर्ने गर्नाले पनि धेरै अनुभवी तथा पारखी बनाउँछ । लोकसाहित्यमा चलेका राम्रा राम्रा गीत, उखानटुक्का, लोककथा, गाउँखाने कथा आदि सुन्ने बटुल्ने गर्नाले लोकसाहित्यको संवर्धन र विकासमा मदत पनि हुन्छ । कुनै चिज, घटना वा दृश्य देख्दा उठेका विचार र मनमा आएका भावहरूलाई अभिव्यक्त गर्नुपर्छ । यो वास्तविक अनुभूति यथार्थ पनि हुन्छ । यसरी नै नयाँ चिज खोज्ने उत्सुकता र नयाँ चिज ग्रहण गर्ने संस्कार बसाउनुपर्छ, पर्यवेक्षण र कल्पना गर्ने शक्ति बढाउनुपर्छ । लेखनकलाका सम्बन्धमा अर्नेस्ट हेमिङ्वे भन्छन्, “वर्णन मात्र गर्नुको साटो त्यसलाई माझ्दै खँदिलो आधार दिनुपर्छ, जीवन दिनुपर्छ । त्यो रचिन्छ, वर्णन गरिन्न । त्यो तिम्रो सिर्जनात्मक योग्यताको सीमासम्म सत्य एवम् उन्मुक्त हुन्छ ।”

**प्रश्नहरू :**

क) हामीले ठुलो ज्ञान कहाँबाट प्राप्त गर्न सक्छौं ?

ख) मान्छेहरू कसरी अनुभवी र पारखी हुन सक्छन् ?

ग) लोकसाहित्यको संवर्धन र विकासमा कसरी मदत पुऱ्याउन सकिन्छ ?

घ) हामीले आफूमा कस्तो संस्कार विकास गर्नुपर्छ ?

ङ) **'खँदिलो'** र **'ग्रहण'** शब्दका विपरीतार्थक शब्द लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।

**२. दिइएका बुँदाहरूका आधारमा जीवनी तयार पारी उपयुक्त शीर्षक राख्नुहोस् :**

**नाम:** गेहेन्द्रशमशेर राणा

**जन्म:** वि. सं. १९२८ पौष ३ गते

**जन्मस्थान:** काठमाडौँ

**पिता:** वीरशमशेर राणा

अनुदार राणा परिवारमा बुद्धिमान्का रूपमा जन्मनु,

कमल हिलोमा फुल्छ भने झैँ राणा परिवारमा जन्मेर पनि चिन्तनशील, तीक्ष्णबुद्धि र सिर्जनशील प्रतिभाका रूपमा उदाउनु,

उनका आविष्कारबाट चन्द्रशमशेर त्रसित हुनु,

चन्द्रशमशेरलाई आफ्नो पौरख देखाउन दरबार गएर ढोग्न लाग्दा पेस्तोल खस्नु,

चन्द्रशमशेर डराएर उनलाई दरबारमा आउन रोक लगाउनु ।

| | |
|---|---|
| **प्रमुख कार्य:** | वैज्ञानिक खोज तथा अनुसन्धान |
| **मुख्य आविष्कार:** | आधुनिक मोटरकार, मेसिनगन, तोप र हवाईजहाज |
| **मृत्यु:** | चन्द्रशमशेरको षडयन्त्रमा वि. सं. १९६४ भाद्र २३ गते |

**३. कुनै एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :**

क) देशप्रति मेरो कर्तव्य

ख) समाजसुधारमा विद्यार्थीको भूमिका

ग) कम्प्युटर र इन्टरनेटको सदुपयोग

## व्याकरण खण्ड

**४.क) रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :**

स्याबास । तपाईं त आफू जस्तो असल व्यक्ति बन्नुहोस् भनेर साथीलाई पनि आग्रह गर्नुहुन्छ रे ।

**ख) रेखाङ्कित शब्दहरूको कारक छुट्याउनुहोस् :**

रसिकाले बाटामा सर्प कुदेको देखिछन् ।

**५. कोष्ठकमा दिइएका निर्देशनका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

क) हामी सरसफाइमा ध्यान दिन्छौँ । (एक वचन)

ख) सानो केटो सुत्यो । (स्त्रीलिङ्ग)

ग) बहिनीले साइकल बिगारिन् अनि मलाई दोष लगाइन् । (सरल वाक्य)

घ) आमाद्वारा मिठा परिकार बनाइन्छन् । (कर्तृ वाच्य)

**विषय शिक्षक:** गिरिराज निरौला
**सम्पर्क नं.:** ९८०३४६६१८२
**इमेल:** **niroulagiriraj@gmail.com**